# प्रतापपुर गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
प्रतापपुर, नवलपरासी (बर्दघाट–सुस्ता पश्चिम)
५ नं. प्रदेश, नेपाल

प्रतापपुर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय (ब.सु.प.) प्रतापपुर, नवलपरासी ५ नं. प्रदेश, नेपाल

मिति २०७७/०४/०१

**रोजगार सेवा केन्द्रमा बेरोजगार व्यक्ति सूचिकरण हुने सम्बन्धी सूचना।**

रोजगारीको हक सम्बन्धी ऐन, २०७५ को दफा ११, रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ को नियम ७, प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा १८ तथा नेपाल सरकार मन्त्रिपरिषद्को तत्कालिन राहत सम्बन्धी मिति २०७७/०१/१४ को निर्णय समेतको आधारमा रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान हुने १०० दिनको न्युनतम् रोजगारीमा संलग्न हुन चाहने बेरोजगार नेपाली नागरिकले यस प्रतापपुर गाउँपालिकाको रोजगार सेवा केन्द्रमा सूचिकरण हुन तपसिल बमोजिमको समय सिमाभित्र तपसिल बमोजिमको ढाँचामा निवेदन दिनुहुन अनुरोध छ।

<u>तपसिल</u>

क) आ.व. २०७७/०७८ को लागि रोजगार सेवा केन्द्रमा न्युनतम् रोजगारीमा संलग्न हुन चाहने बेरोजगार व्यक्तिले २०७७ श्रावण ८ गते देखि २०७७ भाद्र ७ सम्म यस प्रतापपुर गाउँपालिकाको रोजगार सेवा केन्द्रमा निवेदन दिनु पर्नेछ।

ख) न्युनतम् रोजगारीमा संलग्न हुने चाहने बेरोजगार व्यक्तिले बेरोजगार सूचिमा दर्ता हुनका लागि दिने निवेदनको ढाँचा प्रतापपुर गा.पा.को वेबसाइट pratappurmun.gov.np बाट डाउनलोड गर्न सक्नुहुनेछ।

**बोधार्थः**

सूचना प्रविधि शाखा, वेबसाइटमा अपलोड गरिदिनुहुन।

घनश्याम गाहा

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत